جمعية خدمة المحتوى
الإسلامي باللغات

# म मुस्लिम हुँ

नेपाली | نيبالي | أَنَا مُسْلِمٌ

इस्लामिक सामग्री सेवा संघको बहुभाषिक वैज्ञानिक समिति

أَنَا مُسْلِمٌ

# म मुस्लिम हुँ

اللَّجْنَةُ العِلْمِيَّةُ

بِجَمْعِيَّةِ خِدْمَةِ المُحْتَوَى الإِسْلَامِيِّ بِاللُّغَاتِ

इस्लामिक सामग्री सेवा संघको बहुभाषिक वैज्ञानिक समिति

بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ

## म मुस्लिम हुँ[1]

म मुस्लिम हुँ भन्नाले  मेरो धर्म इस्लाम हो भन्ने कुरा बुझिन्छ । इस्लाम एक महान र पवित्र शब्द हो, जुन सुरुदेखि अन्तिमसम्मका सम्पूर्ण पैगम्बरहरूले एक अर्काबाट प्राप्त गर्दै आएका छन् । यस शब्दले आफैंमा उच्च आदर्श र महान् मूल्यहरू बोकेको छ; यसले सृष्टिकर्ताप्रति आत्मसमर्पण, अनुशासन र आज्ञाकारितालाई जनाउँछ । त्यसैगरी यसले व्यक्ति र समाजलाई शान्ति, सुरक्षा, स्थिरता, समृद्धि र खुशी प्रदान गर्छ

त्यसैले ‘सलाम’ र ‘इस्लाम’ शब्दहरू इस्लामिक शरियामा सबैभन्दा बढी उल्लेख गरिएका शब्दहरू हुन् । 'सलाम' अल्लाहका उत्कृष्ट नामहरूमध्ये एक नाम हो । मुस्लिमहरूले एकअर्कालाई 'सलाम' शब्दले अभिवादन गर्छन् । स्वर्गवासीहरूको अभिवादन सलाम हुनेछ । सच्चा मुस्लिम त्यो हो जसको जिब्रो र हातबाट अरु मुस्लिम सुरक्षित रहन्छ । इस्लाम सम्पूर्ण मानवजातिका लागि भलाइको धर्म हो; यसमा सबैलाई समावेश गर्ने क्षमता छ र यसले लोक परलोकमा सबैलाई सुख, शान्ति र समृद्धिको मार्गदर्शन गर्दछ । इस्लाम अन्तिम, सर्वव्यापी र स्पष्ट धर्म हो, जसको ढोका सबैका लागि खुला छ, यसले जात र रंगको आधारमा भेदभाव गर्दैन, बरू सम्पूर्ण मानवलाई एक नजरले हेर्छ । इस्लाममा कोही प्रतिष्ठित छैन, छ भने त्यो केवल यसको शिक्षाहरू

[1] इस्लामको परिचय दिन लेखिएका केही शब्दहरू ।

पालना गर्ने हदसम्म ।

त्यसैले असल बुद्धि भएका सबै मानिसहरूले यसलाई स्वीकार गर्छन्; किनभने यो प्राकृतिक र मानव स्वभावसँग मेल खान्छ । हरेक मानिस सद्भाव, न्याय र स्वतन्त्रताको स्वभाव लिएर जन्मिएको हुन्छ । आफ्नो सृष्टिकर्तालाई माया गर्छ र केवल उहाँ उपासना योग्य हुनुहुन्छ र उहाँ बाहेक अरू कोही छैन भनी स्वीकार गर्दछ । कुनै पनि व्यक्ति यो जन्मजात प्रवृत्ति र मानवीय स्वभावबाट टाढा जाँदैन, जबसम्म कुनै बाहिरी कारणले यसलाई परिवर्तन गर्दैन। यही धर्म मानिसहरूका लागि उनका सृष्टिकर्ता, पालनकर्ता र पूज्य परमेश्वरले रोजेका हुन्।

मेरो धर्म इस्लामले मलाई यस संसारमा बाँचने तरिका सिकाउँछ र मृत्युपछि म अर्को लोकमा जानेछु, जुन अनन्तकालको बासस्थान हो, जहाँ मानिसहरूको गन्तव्य स्वर्ग वा नर्कमध्ये एक हुनेछ।

मेरो धर्म इस्लामले मलाई धार्मिक कर्तव्यहरू पूरा गर्न आदेश दिन्छ र निषिद्ध कार्यहरू गर्नबाट रोक लगाउँछ । यदि मैले ती आदेशहरूको पालना गरें र ती निषेधित कार्यहरूबाट टाढा बसें भने म यस लोक र परलोक दुवैमा सुखी हुनेछु। यदि मैले त्यसलाई बेवास्ता गरें भने, मेरो लापरवाही र कमीकमजोरीको हदसम्म संसार र परलोकमा कष्ट र दुःख पाउनेछु।

इस्लामको सबैभन्दा महान् आदेश भनेको तौहीद (एकेश्वरवाद) हो; अल्लाह नै मेरो सृष्टिकर्ता र पूज्य हुनुहुन्छ भनेर म दृढ विश्वासका साथ गवाही दिन्छु । अतः म अल्लाह बाहेक अरू कसैको उपासना गर्दिनँ; किनभने म उहाँलाई असाध्यै प्रेम गर्छु, उहाँको दण्डदेखि भयभित छु,

उहाँको कृपाप्रति आशावादी छु र उहाँमाथि पूर्ण विश्वास गर्दछु । तौहीद (एकेश्वरवाद) भन्नाले अल्लाह एक हुनुहुन्छ र मुहम्मद (सल्ललाहु अलैहि वसल्लम) उहाँको सन्देशवाहक हुनुहुन्छ भन्ने कुराको

प्रतिनिधित्व गर्दछ; मुहम्मद (सल्ललाहु अलैहि वसल्लम) सम्पूर्ण नबी-रसूलहरूको समापक हुनुहुन्छ। अल्लाहले उहाँलाई सारा संसारका लागि करुणा र कृपा बनाएर पठाउनु भयो र उहाँसँगै ईशदूत पठाउने श्रृंखलाको अन्त्य गर्नुभयो (उहाँ नै अन्तिम दूत हुनुहुन्छ); उहाँ पछि कुनै नबी-रसूल आउने छैन। उहाँले एक यस्तो सार्वभौम र विश्वव्यापी धर्म ल्याउनुभएको छ जुन सबै समय, स्थान र जातवर्गका लागि एकदमै उपयुक्त रहेको छ।

मेरो धर्मले मलाई फरिशता (स्वर्गदूत) हरू र सम्पूर्ण पैगम्बरहरू, विशेष गरी नूह, इब्राहीम, मोसेस, येशू र मुहम्मद (सल्लाल्लाहु अलैहि वसल्लम) प्रति दृढताका साथ आस्था राख्न आदेश दिन्छ।

मेरो धर्मले मलाई सन्देशवाहकहरूलाई प्रदान गरिएको इश्वरीय पुस्तकहरूमा विश्वास गर्न र तिनीहरूमध्ये सबैभन्दा महान् र अन्तिम धर्म ग्रन्थ (पवित्र कुर्आन) लाई पछयाउन आदेश दिन्छ ।

मेरो धर्मले मलाई कयामत (परलोक) को दिनमा विश्वास गर्न आदेश दिन्छ, जहाँ मानिसहरूले आफ्नो कर्मको प्रतिफल पाउनेछन् । मलाई भाग्यमा विश्वास गर्न, जीवनमा आउने सुख-दुःखप्रति सन्तुष्ट हुन र सफलता प्राप्तिका लागि साधनहरू प्रयोग गर्न आदेश दिन्छ।

भाग्यमा विश्वास गर्नाले मलाई सन्तुष्टी, शान्ति र धैर्यता प्रदान गर्छ

तथा विगतको पछुतोबाट जोगाउ छ; किनभने ममाथि जुन बज्रपात भएको छ, त्यो हुने नै थियो र जे भएन त्यो कहिल्यै हुने थिएन भनेर म पूर्ण विश्वस्त छु । किनभने सम्पूर्ण कुराहरू अल्लाहद्वारा पूर्वनिर्धारित र लेखिएका छन्, मेरो कर्तव्य भनेको साधनहरू प्रयोग गर्नु र त्यसपछि जे हुन्छ त्यसमा सन्तुष्ट हुनु हो ।

इस्लामले मलाई मेरो आत्मालाई शुद्ध पार्ने असल कर्महरू गर्न र मेरो पालनकर्तालाई खुशी पार्ने असल चरित्र अपनाउन आदेश दिन्छ । यसले मेरो आत्मालाई शुद्ध पार्छ, मेरो मनयलाई खुशी बनाउँछ, मेरो हृदयलाई आनन्दित तुल्याउँछ, मेरो मार्गलाई उज्यालो बनाउँछ र मलाई समाजको उपयोगी सदस्य बनाउँछ ।

यीमध्ये सबैभन्दा ठूला कर्महरू निम्न हुन्: तौहीद (एकेश्वरवाद) माथि आस्था राख्नु, दिन र रातमा पाँच पटक सलाह (नमाज) स्थापना गर्नु, धन सम्पत्तिमा जकात दिनु, वर्षमा रमजान महिनाको रोजा राख्नु र सक्षम व्यक्तिले मक्का गएर अल्लाहको पवित्र घर (काबा) को हज गर्नु।

मेरो धर्मले मलाई निर्देशित गरेको चीजहरूमध्ये सबैभन्दा उत्कृष्ट कुरा जसले मेरो हृदयलाई आनन्दित तुल्याउँछ, त्यो अत्यधिक कुर्आन पढ्नु हो, किनभने यो अल्लाह (सत्य ईश्वर) को वचन हो, सबैभन्दा सत्य हदीस हो, सबैभन्दा सुन्दर, सबैभन्दा ठूलो र सबैभन्दा महान वचन हो, जसमा अघिल्ला र पछिल्लाहरूको ज्ञान समावेश छ। यसको पाठ गर्नु वा यसलाई सुन्नुले मनमा शान्ति, आनन्द र प्रसन्नता प्राप्त हुन्छ, चाहे पढ्ने वा सुन्ने व्यक्ति अरबी नबुझ्ने होस् वा गैर मुस्लिम होस् ।

मेरो हृदयलाई आनन्दित तुल्याउने कुराहरुमध्ये सबैभन्दा महान् कर्म

अल्लाहसँग बारम्बार दुआ (प्रार्थना) गर्नु, उहाँको शरण लिनु र ठूला-साना सबै कुरा उहाँसित माग्नु हो। हो, जसले अल्लाहसँग बिन्ती गर्छ र निष्कपट भई उहाँको आराधना गर्छ, अल्लाहको उसलाई स्वीकार गर्नुहुन्छ।

त्यसैगरी अल्लाहको धेरै सम्झना (जिक्र) ले पनि मेरो हृदयलाई आनन्दित तुल्याउँछ।

अल्लाहको जिक्र (स्तुति-प्रशंसा) कसरी गर्ने र सबैभन्दा उत्कृष्ट जिक्र के हो भनेर मेरो नबी (सल्लल्लाहु अलैहि व सल्लम) ले मलाई मार्गदर्शन गर्नुभएको छ। कुर्आन पछि सबैभन्दा उत्कृष्ट जिक्रहरू चार यी शब्दहरू हुन्: "सुब्हानल्लाह" (अल्लाह पवित्र हुनुहुन्छ), "अल्हम्दुलिल्लाह" (सम्पूर्ण प्रशंसाहरू अल्लाहकै लागि हुन्), "लाइलाह इल्लल्लाह" (अल्लाह बाहेक कोही सत्य उपास्य छैन), "अल्लाहु अकबर" (अल्लाह सबैभन्दा महान हुनुहुन्छ)।

त्यसैगरी, "अस्तगफिरुल्लाह" (म अल्लाहसँग क्षमायाचना गर्दछु) र "लाहौल वला कुव्वत इल्ला बिल्लाह" (खराबीबाट जोगिने र राम्रो कार्य गर्ने शक्ति केवल अल्लाहसँग छ) जस्ता शब्दहरू पनि उत्कृष्ट हुन्।

यी शब्दहरूले मनलाई उत्साही बनाउन र हृदयमा शान्ति ल्याउन अद्भुत प्रभाव पार्छन्।

इस्लामले मलाई मेरो मानवता र गरिमालाई हानि पुऱ्याउने हरेक कुराबाट टाढा रहन र सम्मानित जीवन बिताउन आदेश दिन्छ। मेरो बुद्धि र मेरो इन्द्रियलाई सृष्टिको उद्देश्य अनुरूप दीन र दुनियाँका लाभदायक

काममा प्रयोग गर्न आदेश दिन्छ।

इस्लामले मलाई करुणा, असल आचरण, राम्रो व्यवहार र सृष्टिसँग वचन र कर्मद्वारा सद्भावना कायम राख्न आदेश दिन्छ।

सृष्टिमध्ये सबैभन्दा ठूलो अधिकार भनेको आमाबाबुको अधिकार हो। मेरो धर्मले मलाई उनीहरूप्रति दयालु हुन, उनीहरूप्रति सद्भावना राख्न, उनीहरूलाई खुसी बनाउन उत्सुक हुन र विशेषगरी वृद्ध अवस्थामा उनीहरूको सेवा गर्न आदेश दिन्छ; त्यसैले इस्लामिक समाजमा आमा-बुवालाई उच्च दर्जा दिइएको छ र सन्तानलाई उनीहरुको सेवा गर्न प्रेरित गरेको छ। आमा-बुवा जति बूढो हुन्छन् वा उनीहरू जति धेरै बिरामी वा अशक्त हुन्छन्, उनीहरूप्रति छोराछोरीहरूको जिम्मेवारी त्यति नै बढ्दै जान्छ।

महिलाका लागि उच्च प्रतिष्ठा र ठूला अधिकारहरू छन् भनेर मेरो धर्मले मलाई सिकाएको छ। इस्लाममा महिलाहरू पुरुषका अर्धांगिनी हुन् र सबै भन्दा उत्कृष्ट मानिस त्यो हो जो आफ्नो परिवारको लागि उत्तम हुन्। बाल्यकालमा मुस्लिम महिलालाई स्तनपान, हेरचाह, पालनपोषण र उत्तम संस्कारको अधिकार छ भने उनी त्यतिबेला आफ्नो आमाबाबु र भाइहरूको आँखाको नानी र हृदयको टुक्रा हुन्।

जब उनी हुर्किन्छिन्, तब पनि प्रतिष्ठित हुन्छिन् । उनको अभिभावकले माया गर्छन् र उनको हेरचाह गर्छन्। त्यसैले कसैले उसलाई हातले वा जिब्रोले हानि पुऱ्याउन खोज्छन् वा

गलत आँखाले हेर्छन भने उसको अभिभावकले कहिले स्वीकार

गर्दैन।

जब महिलाको विवाह हुन्छ, त्यो विवाह अल्लाहको वचन र दृढ सम्झौतामा आधारित हुन्छ। उनी आफ्नो श्रीमानको घरको मालिक्नी हुन्छिन्, उनीसँग आदरपूर्वक व्यवहार गर्नु, उनीप्रति दयालु हुनु र उनलाई हानि नगर्नु उनको पतिको कर्तव्य हो ।

यदि उनी आमा हुन् भने, उनको धार्मिकता सर्वशक्तिमान अल्लाहको अधिकारसँग जोडिएको छ तथा उनको अवज्ञा र दुर्व्यवहार शिर्क (बहुदेववाद) र पृथ्वीमा भ्रष्टाचारसँग जोडिएको छ ।

यदि उनी बहिनी हुन् भने, मुस्लिमलाई उनीसँग राम्रो सम्बन्ध कायम राख्न, उनीहरूलाई आदर र सम्मान गर्न तथा उनीहरूको रक्षा गर्न आदेश दिएको छ । यदि उनी सानीआमा हुन् भने, धार्मिकता र सम्बन्धमा आमासरह स्थान पाउँछिन् ।

यदि उनी हजुरआमा वा वृद्ध छिन् भने, उनको छोराछोरी, नातिनातिना र उनका सबै आफन्तहरूमा उनको सम्मान बढ्छ; उनको अनुरोधलाई प्रायः अस्वीकार गरिँदैन र उनको विचारलाई बेवास्ता गरिँदैन ।

यदि कुनै महिला तपाईंको आफन्त वा छिमेकी होइन तैपनि उनलाई दु:ख नदिनु र उनलाई ट्वाल परेर न हेर्नु जस्ता सामान्य इस्लामिक अधिकारहरू उनलाई प्राप्त हुन्छन्।

मुस्लिम समुदायहरूले यी अधिकारहरूको सधैं रक्षा गर्दै आएका छन्, जसले महिलालाई यस्तो मूल्य र सम्मान दिएको छ, जुन गैर-

मुस्लिम समाजहरूमा अवस्थित छैन।

त्यसपछि इस्लाममा महिलालाई सम्पत्ति राख्ने, भाडामा दिने, किनबेच र अन्य सबै किसिमको सम्झौता गर्ने अधिकार छ । साथै, उनलाई शिक्षा प्राप्त गर्ने, अरुलाई सिकाउने र धर्मविपरीत नहुने खालको काम गर्ने अधिकार छ। बरु केही ज्ञानहरु फर्जऔन छन्, अर्थात प्रत्येक व्यक्तिले अनिवार्य रूपमा सिक्नैपर्छ, चाहे पुरुष होस् वा महिला, अन्यथा पापी ठहरिनेछन् ।

बरू, महिलालाई पुरुषजस्तै अधिकारहरू प्राप्त छन्; केही विशेष अधिकारहरू बाहेक जुन महिला वा पुरुषहरूका लागि निर्धारण गरिएका छन्, किनभने हरेकको लागि त्यही नियम तोकिएको छ जुन उनको लागि उपयुक्त र लाभान्वित छ, जसको विवरण त्यसको ठाउँमा उल्लेख गरिएको छ ।

मेरो धर्मले मलाई मेरा दाजुभाइ, दिदीबहिनी, काका, काकी, सानो बुवा, सानिमा र मेरा सबै आफन्तहरूलाई माया गर्न तथा मेरी श्रीमती, छोराछोरी र छिमेकीहरूको हकअधिकार पूरा गर्न आदेश दिन्छ ।

मेरो धर्मले मलाई ज्ञान सिक्न आदेश दिन्छ । त्यसैगरी मेरो दिमाग, नैतिकता र सोचलाई सुधार गर्ने सबै कुराहरू गर्न प्रोत्साहित गर्दछ ।

मेरो धर्मले मलाई लाज (हया), नम्रता, उदारता, साहस, बुद्धि, संयम, धैर्यता, इमानदारी, सहनशीलता, पवित्रा, वफादारी, मानिसहरूको लागि भलो गर्न, जीविकोपार्जनको लागि प्रयास गर्न, गरिबहरूप्रति दयालु हुन, बिरामीलाई भेट्न, वाचाहरू पूरा गर्न, मिठो बोल्न, मानिसहरूसँग

मुस्कानसाथ भेट्न र सकेसम्म उनीहरूलाई खुशी पार्न प्रयास गर्न आदेश दिन्छ।

यसको विपरीत मेरो धर्मले मलाई अज्ञानता विरुद्ध सचेत गराउँछ, कुफ्र, नास्तिकता, अवज्ञा, अनैतिकता, व्यभिचार, समलिङ्गी, अहंकार, ईर्ष्या, डाह, घृणा, अपशगुन, निराशावाद, झूट, कन्जुस्याइँ, आलस्य, कायरता, क्रोध, मुर्खता, मानिसहरूको अपमान, बिना फाइदा धेरै कुरा गर्न, गोप्य कुरा खोल्न, विश्वासघात गर्न, वाचा तोड्न, आमाबाबुको अवज्ञा गर्न, पारिवारिक सम्बन्ध तोड्न, सन्तानलाई बेवास्ता गर्न, छिमेकी र समग्र सृष्टिलाई दुख दिन निषेध गर्दछ।

इस्लामले मलाई मादक पदार्थ र लागूपदार्थ सेवन गर्न, जुवा खेल्न, चोरी गर्न, ठगी गर्न, धोका दिन, मानिसहरूलाई आतंकित गर्न, जासुसी गर्न र उनीहरूको गोप्य कमजोरीहरूको पछि पर्ने जस्ता दुष्कर्महरू नगर्न आदेश दिन्छ।

मेरो धर्म इस्लामले धन सम्पत्तिलाई सुरक्षित राख्छ, जसले शान्ति र सुरक्षा फैलाउँछ। त्यसैले, इस्लामले इमानदारीमा जोड दिन्छ, इमानदार व्यक्तिको प्रशंसा गर्छ र उनीहरूलाई सुखमय जीवनसहित परलोकमा स्वर्गको वाचा गरेको छ। इस्लामले चोरीलाई निषेध गर्दै चोरलाई यस संसार र परलोकमा सजायको धम्की दिन्छ।

मेरो धर्मले जीवनको रक्षा गर्दछ, त्यसैले अन्यायपूर्वक हत्या गर्न र अरूमाथि कुनै पनि तरीकाले अत्याचार गर्न निषेध गरेको छ, चाहे त्यो बोलीद्वारा नै किन नहोस्।

बरु इस्लामले मानिसले स्वयं आफैँमाथि अत्याचार गर्न पनि निषेध गरेको छ; त्यसैले कुनै पनि व्यक्तिले आफ्नो बुद्धि नष्ट गर्न, आफ्नो स्वास्थ्य बिगार्न वा आत्महत्या गर्न अनुमति छैन।

मेरो धर्म इस्लामले स्वतन्त्रतालाई सुनिश्चित र नियमित गर्दछ; इस्लाम धर्ममा मानिस आफ्नो विचार, किनबेच, व्यापार र यात्रा गर्नमा स्वतन्त्र छ। त्यसैगरी जीवनका सुखहरू, जस्तैः खानपिन गर्नु, लुगा लाउनु र केही कुरा सुन्नु आदिबाट स्वतन्त्र रूपमा आनन्द लिन जायज छ, जबसम्म उसले आफू वा अरुलाई हानि पुऱ्याउने कुनै निषेधित काम गर्दैन भने।

मेरो धर्मले स्वतन्त्रतालाई व्यवस्थित गरेको छ; यसले नत अरूमाथि अतिक्रमण गर्न अनुमति दिन्छ नत निषेधित मनोरञ्जनमा लिप्त भएर आफ्नो धन, खुशी र मानवतालाई नष्ट गर्ने अनुमति दिन्छ।

यदि तपाईंले धर्म र तर्कजस्ता कुराको परवाह नगरी सबै बन्धनबाट मुक्त भएर कामना र आकांक्षाको पछि दौडिरहेका मानिसहरूलाई देख्नुभयो भने उनीहरू धैरै कष्टमय र पीडादायी जीवन बाँचिरहेका छन् भनी तपाईंले बुझ्नुहुन्छ। तीमध्ये कतिपयले त जीवनको समस्याले दिक्क भएर आत्महत्या समेत गरेका छन्।

मेरो धर्मले मलाई खानपिन गर्ने, सुत्ने र मानिसहरूसँग कुरा गर्ने उत्कृष्ट शिष्टाचार सिकाउँछ।

मेरो धर्मले मलाई किनबेच र आफ्नो अधिकार माग गर्दा सहिष्णुता र नम्रता अपनाउन सिकाउँछ। धर्ममा फरक मत राख्नेहरूसँग सहिष्णुता

सिकाउँछ; त्यसैले म उनीहरूमाथि अत्याचार गर्दिनँ, न त उनीहरूसँग दुर्व्यवहार गर्छु, बरु म उनीहरूसँग भलाइ गर्छु र उनीहरूको कल्याणको कामना गर्छु ।

इतिहास साक्षी छ, मुस्लिमहरूले आफ्ना विरोधीहरूप्रति देखाएको सहिष्णुताको नजिर अरू कुनै राष्ट्रमा पाइँदैन । मुस्लिमहरू विभिन्न धर्मका राष्ट्र र समुदायहरूसँग बसोबास गर्ने क्रममा मुस्लिम राजाहरूको शासनमा बसोबास गरेका थिए । मुस्लिमहरूले सबैसँग मानवता र भाइचाराको उत्कृष्ट व्यवहार देखाएका थिए ।

छोटकरीमा भन्नुपर्दा, इस्लामले मलाई शिष्टाचारका सूक्ष्मताहरू, उत्कृष्ट व्यवहार र असल आचरण सिकाएको छ, जसले मेरो जीवनलाई शुद्ध र मेरो खुशीलाई पूर्ण बनाउँछ । मेरो जीवनमा बाधा पुऱ्याउने, मेरो सामाजिक अवस्था, आत्मा, बुद्धि, धन, इज्जत वा मानवीय गरिमालाई नोक्सान पुऱ्याउने हरेक कुराबाट टाढा रहन आदेश दिएको छ ।

मैले यी शिक्षाहरूको जति पालन गर्छु, मेरो जीवन त्यति नै सुखमय हुनेछ । मैले तिनीहरूलाई पछयाउन जति बेवास्ता गर्छु, त्यति नै मेरो जीवन कष्टकर र दुःखमय महुनेछ ।

मेरो उक्त भनाइको अर्थ म निर्दोष हुँ, म गल्ती गर्दिनँ, वा म भित्र कमीकमजोरी छैन भन्ने कदापी होइन । मेरो धर्मले मेरो मानवीय कमीकमजोरीले गर्दा हुने पापलाई ध्यानमा राखेर मलाई पश्चाताप गर्ने, माफी माग्ने र अल्लाहतिर फर्कने बाटो खुला राखेको छ । पश्चात्तापले मेरो पापहरूलाई मेटाउँछ र मेरो परमेश्वरसामु मेरो स्थान उच्च पार्छ ।

इस्लामका सम्पूर्ण शिक्षाहरू जस्तै आस्था, नैतिकता, शिष्टाचार र लेनदेनको स्रोत र आधार पवित्र कुर्आन र पवित्र सुन्नत हो।

अन्त्यमा, म दृढतापूर्वक भन्दछु, यदि संसारको कुनै पनि कुनाकाप्चामा बस्ने व्यक्तिले इस्लामको शिक्षालाई न्याय र निष्पक्ष रूपमा अध्ययन गर्छ भने उसले अवश्य इस्लामलाई स्वीकार गर्नेछ। तर दुःखको कुरा के छ भने, इस्लाम धर्मको छविलाई झूटा प्रचार वा इस्लामसँग आबद्ध भएको दाबी गर्ने तर त्यसलाई पालन नगर्ने केही व्यक्तिहरूको विकृत हो।

यदि कसैले इस्लामको वास्तविकतालाई जस्ताको त्यस्तै हेर्ने हो वा यसलाई ईमानदारीपूर्वक पालन गर्ने मानिसहरूको अवस्थालाई हेर्ने हो भने उसलाई इस्लाम धर्म स्वीकार गर्न र त्यसमा प्रवेश गर्न कुनै संकोच हुने छैन। इस्लामले मानवको सुख, शान्ति, सुरक्षा, न्याय र परोपकारको लागि आह्वान गर्दछ भन्ने कुरा उसले थाहा पाउनेछ।

जहाँसम्म इस्लामसँग आबद्ध रहेका केही व्यक्तिहरूको विकृति हो, -चाहे थोरै होस् वा धेरै- त्यसलाई कुनै पनि हालतमा धर्मलाई दोष दिनु वा आरोप लगाउनु उचित हुँदैन, बरु इस्लाम त्यस्ता कुराहरुलाई अस्वीकार गर्छ र कडा निन्दा गर्छ। यस विकृतिका तिनीहरू स्वयं जिम्मेवार हुन्; किनभने इस्लामले तिनीहरूलाई त्यसो गर्न आदेश दिएको छैन, बरु इस्लामले त्यस्तो गर्नेलाई कडा चेतावनी दिएको छ।

धर्मको वास्तविकता जान्नको लागि ती व्यक्तिहरूलाई हेर्नु न्यायपूर्ण कुरा हो, जसले आफ्नो जीवनमा सही रूपमा धर्मको पालन गरिरहेका छन् र अरूलाई पनि त्यसलाई कार्यन्वयन गर्न आदेश दिन्छन्; यसले

यस धर्म र यसका मानिसहरूको लागि मनमा श्रद्धा र सम्मान उत्पन्न गर्दछ । किनभने इस्लामले ठूलो सानो हरेक किसिमको राम्रो कुराको मार्गदर्शन गरेको छ र हरेक खराब कुरा अनि दुष्कर्मबाट टाढा रहन आदेश दिएको छ ।

त्यसैले इस्लामको महत्त्वलाई बुझ्ने र यसका अनुष्ठानहरू पालन गर्नेहरू संसारका सबैभन्दा खुशी मानिसहरू हुन् । उनीहरू आत्म-अनुशासनको उच्चतम स्तरमा छन् र असल चरित्रका धनी छन् । नजिक र टाढा, समर्थक र विरोधी सबैले यसको साक्षी दिन्छन् ।

तर आफ्नो धर्मलाई बेवास्ता गर्ने र अल्लाहको सीधा मार्गबाट भटकिएका मुस्लिमहरूको अवस्थालाई मात्र हेर्नु अनि निष्कर्ष निकाल्नु ठूलो अन्याय र क्रूरताको कुरा हुनेछ ।

अन्तमा, म सबै गैर-मुस्लिमहरूलाई इस्लामलाई अध्ययन गर्न र यसमा प्रवेश गर्न आह्वान गर्दछु ।

इस्लाममा प्रवेश गर्न चाहनेले (ला इलाह इल्लल्लाह, मुहम्मदुर् रसूलुल्लाह) अल्लाहबाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद अल्लाहका सन्देशवाहक हुनुहुन्छ" भनेर विश्वास गर्नुपर्छ । त्यसपछि, इस्लामका आधारभूत र अनिवार्य कुराहरूको ज्ञान लिनुपर्ने हुन्छ । जसरी ऊ ज्ञान र कर्मको क्षेत्रमा अगाडि बढ्छ, उसको खुशी र अल्लाहसामु उसको दर्जा बढ्दै जान्छ ।

❋❋❋

ne231v1.0 - 17/05/2026

جمعية خدمة المحتوى
الإسلامي باللغات